# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, मंसिर १४ गते, २०६४ साल (अतिरिक्तांक ४४


## भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

व्यवस्थापिका-संसद्ले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

व्यवस्थापिका-संसद्ले बनाएको २०६४ सालको ऐन नं. २६

## मुलुकी ऐनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : मुलुकी ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मुलुकी (बाह्रौं संशोधन) ऐन, २०६४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मुलुकी ऐनको भाग ४ मा महल ८क. थप : मुलुकी ऐनको भाग ४ को महल ८ पछि देहायको महल ८क. थपिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## महल ८क.

## अपहरण गर्ने तथा शरीर बन्धक लिनेको

१ नं. ॥ ॥ कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन कुनै किसिमले कब्जा वा नियन्त्रणमा लिई कुनै ठाउँमा जान बाध्य गराउन वा कुनै व्यक्तिलाई निजको मञ्जुरी विना वा नाबालक र मानसिक रुपमा अस्वस्थ व्यक्तिलाई निजको हितको निमित्त निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी बाहेक कुनै ठाउँमा लैजान हुँदैन । सो गरे अपहरण गरेको मानिनेछ ।

२ नं. ॥ ॥ मानसिक रुपमा अस्वस्थ व्यक्तिलाई निजको बाबु, आमा वा संरक्षकको मञ्जुरी लिई असल नियतले निजको हितको निमित्त थुनिएकोमा बाहेक कसैले कुनै व्यक्तिलाई बल प्रयोग गरी वा प्रयोग गर्ने धम्की दिई, डर त्रास देखाई, जोरजुलुम गरी, हातहतियार देखाई, छलकपट गरी, झुक्यानमा पारी वा नशालु वा मादक पदार्थ सेवन गराई वा कुनै यातायातको साधन वा ठाउँ कुनै किसिमले कब्जामा लिई वा त्यसउपर अनधिकृत तवरले नियन्त्रणमा लिई थुन्न हुँदैन । सो गरे शरीर बन्धक लिएको मानिनेछ ।

३ नं. ॥ ॥ कसैलाई ज्यान लिने, कुटपीट गरी चोट पुऱ्याउने, जबर्जस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, बिक्री गर्ने, दास बनाउने, निजको इच्छा विरुद्ध काममा लगाउने, यातना दिने, बेश्यावृत्तिमा लगाउने, कुनै काम गर्न वा गराउन बाध्य गराउने, छुटकारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिइएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने, व्यवसाय समर्पण गराउने वा प्रचलित कानून बमोजिम कसूर हुने अन्य कुनै काम गर्न लगाउने उद्देश्यले यस महलको १ वा २ नं. बमोजिम अपहरण गरेमा वा शरीर बन्धक लिएमा सो गर्ने गराउने व्यक्तिलाई सात वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हजार रुपैयाँदेखि दुई लाख रुपैयाँसम्म जरिबाना र लेखिए बाहेक अन्य उद्देश्यले अपहरण गरेमा वा शरीर बन्धक लिएमा चार वर्षदेखि आठ वर्षसम्म कैद र पच्चीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुन्छ ।

४ नं. ॥ ॥ यस महलमा लेखिएको कसूर गर्न दुरुत्साहन गर्ने, आदेश दिने वा त्यस्तो कसूर हुनुभन्दा अगावै कसूर गर्न सहमति दिने व्यक्तिलाई सो कसूर निजले नै गरे सरह सजाय हुन्छ ।

५ नं. ॥ ॥ कुनै व्यक्तिले यस महलमा लेखिएको कसूर गरिनसकेको, सो कुराको उद्योगसम्म गरेको भए त्यस्तो व्यक्तिलाई सो कसूरमा हुने सजायको आधा सजाय गर्नु पर्छ ।

६ नं. ॥ ॥ कसैले कुनै रकम माग गरी त्यस्तो रकम नदिएमा अपहरण गर्ने वा शरीर बन्धक लिने धम्की दिएमा निजलाई उद्योग गर्ने व्यक्ति सरह सजाय गर्नु पर्छ ।

७ नं. ॥ ॥ दुई वा दुईभन्दा बढी व्यक्ति मिली वा सङ्गठित रुपमा कुनै व्यक्तिलाई अपहरण गरेको वा शरीर बन्धक लिएको भए सो काममा संलग्न सबै व्यक्तिलाई यस महल बमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नु पर्छ ।

८ नं. ॥ ॥ कसैले कुनै व्यक्तिलाई अपहरण गरी वा शरीर बन्धक लिई निजउपर प्रचलित कानून बमोजिम सजाय हुने अन्य कुनै कसूर गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई यस महल बमोजिम हुने सजायको अतिरिक्त सो कानून बमोजिम हुने सजाय समेत गर्नु पर्छ ।

९ नं. ॥ ॥ यस महलको १, २ वा ३ नं. बमोजिमको कसूर महिला वा नाबालक विरुद्ध गरिएको भए यस महल बमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नु पर्छ ।

१० नं. ॥ ॥ यस महल बमोजिमको कसूर गर्ने व्यक्तिले कसूर गर्दागर्दैको बखत सुरक्षाकर्मी समक्ष आत्मसमर्पण गरी अनुसन्धानमा सहयोग पुऱ्याएमा अवस्था हेरी निजलाई कम सजाय गर्न सकिन्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११ नं. ॥ ॥ कसैले कुनै व्यक्तिलाई नेपालबाहिर लगी यस महल बमोजिम अपहरण गर्ने वा शरीर बन्धक लिने वा नेपाली नागरिकलाई नेपालबाहिर यस महल बमोजिम अपहरण गर्ने वा शरीर बन्धक लिने कार्य गरे गराएको रहेछ भने निजले नेपालभित्रै कसूर गरे सरह मानी त्यस्तो व्यक्तिलाई यस महल बमोजिम सजाय गर्नु पर्छ ।

१२ नं. ॥ ॥ यस महलको १, २ वा ३ नं. बमोजिम कसूर गरे गराएको कुरा प्रमाणित हुन आएमा मुद्दा हेर्ने अड्डाले पीडित व्यक्तिलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी सो कसूर गर्ने गराउने व्यक्तिबाट पीडित व्यक्तिलाई कसूर भएको दिनदेखि प्रत्येक दिनको कम्तीमा पाँच सय रुपैयाँको दरले क्षतिपूर्ति समेत भराई दिनु पर्छ । पीडित व्यक्तिको मृत्यु भइसकेकोमा त्यस्तो क्षतिपूर्ति निजको नजिकको हकदारले पाउँछ । अपहरण गर्ने वा शरीर बन्धक लिने व्यक्तिले छुटकारा रकम (फिरौती) वा अन्य कुनै लाभ लिइसकेको रहेछ भने सो समेत सम्बन्धित व्यक्तिलाई फिर्ता गराई त्यस्तो व्यक्तिलाई यस महल बमोजिम हुने सजायको अतिरिक्त बिगो बमोजिम जरिबाना समेत गर्नु पर्छ ।

१३ नं. ॥ ॥ कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई ज्यान मारेकोमा नालिस गर्न हदम्याद लाग्ने छैन । सो बाहेक अपहरण गरिएको वा शरीर बन्धक लिएको मितिले छ महिना वा अपहरण वा शरीर बन्धकबाट छुटेको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन ।

प्रमाणीकरण मितिः २०६४।८।१४

आज्ञाले,
डा. बाबुराम रेग्मी
नेपाल सरकारको निमित्त-सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।